निर्वाचन आयोग नेपाल
# जिल्ला निर्वाचन कार्यालय
जुम्ला

फोन नं.०८७-५२०१९५
इमेल:- deo.jumla@election.gov

प.सं:- २०८३।०८४
च.नं:- ९०

मितिः २०८३।०४।२१
ने.सं. ११४६

विषयः - मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना प्रकाशन गरिदिने सम्बन्धमा ।

श्री जिल्ला स्थित ८ वटै स्थानीय तह,
जुम्ला ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८३/०४/२१ गते प्रकाशित मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी सूचना कार्यक्रम विवरण तालिका यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी आ-आफ्नो पालिका भित्रका सबै वडा कार्यालयहरुमा सम्बन्धित सबैलाई जानकारीको लागि पठाई मतदाता नामावली दर्ता अद्यावधिक कार्यक्रममा सहयोग पुऱ्याईदिनुहुन अनुरोध छ। साथै तहाँ अन्तर्गतका सबै वडाको मतदाता नामावली विस्तृत रुपमा अद्यावधिक गर्नुपर्ने भएकोले वडाका स्थानीय पञ्जिकाधिकारीज्यूहरुले विवाह, बसाईसराई तथा मृत्यु भएका मतदाताको विवरण मतदाता नामावलीसँग भिडाई मतदाता नामावलीबाट नाम हटाउनुपर्ने मतदाताहरुको विवरण मिति २०८२/०५/१५ सम्म यस जिल्ला निर्वाचन कार्यालय जुम्लामा प्राप्तहुने गरी उपलब्ध गराई दिने व्यवस्थाका लागि समेत अनुरोध छ।

(दिपेन्द्र कंडेल)
जिल्ला निर्वाचन अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, जुम्ला ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, जुम्ला ।

निर्वाचन आयोग नेपाल
# जिल्ला निर्वाचन कार्यालय
जुम्ला
फोन नं.०८७-५२०१९५
इमेल:- deo.jumla@election.gov.np

प.सं.:- २०८३।०८४
च.नं.:-

मिति: २०८३।०४।२१
ने.सं. ११४६

## मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी सूचना!

निर्वाचन आयोग नेपालको प.सं. च.नं. २०८३/०८४/०२ मिति २०८३।०४।१८ गतेको प्राप्त पत्रानुसार मिति २०८३/०६/०१ गते मतदाता नामावली प्रकाशन गर्ने प्रयोजनका लागि हाल कायम अन्तिम मतदाता नामावली र २०८३ भाद्र १५ गतेसम्म संकलन भएको तथा सोही मितिसम्म अद्यावधिकका लागि निवेदन दिएका मतदाताहरुको विवरण समावेश गरी मतदाता नामावली ऐन, २०७३ को दफा १३ बमोजिम प्रकाशन गर्ने प्रयोजनार्थ मतदाता नामावली तयार गरिने हुँदा मतदाता नामावली अद्यावधिक कार्यक्रममा सहभागी हुन यो सूचना सबैमा जानकारी गराइन्छ ।

- **१६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त** गरेका तर मतदाता नामावलीमा नाम दर्ता नभएका नागरिकले नाम दर्ता गराउन सक्नेछन्।
    - **राष्ट्रिय परिचयपत्र भएका नागरिकले** अनलाइन मार्फत आफू बसेकै स्थानबाट नाम दर्ता/अद्यावधिक गर्न सक्नेछन्।
    - **राष्ट्रिय परिचयपत्र नभएका नागरिकले** Online Pre-Enrollment बाट आवेदन दिई सक्कल नेपाली नागरिकता र प्रमाणपत्र सहित आफूलाई पायक पर्ने जिल्ला/प्रदेश निर्वाचन कार्यालयमा उपस्थित भई बायोमेट्रिक गरी नाम दर्ता गराउन सक्नेछन्।
- निम्न कार्य **https://applyvr.election.gov.np/** अनलाइन मार्फत आवेदन दिन सकिनेछ:
    - विवाह वा बसाईँसराइका कारण मतदाता नामावली सार्न।
      (आवश्यक कागजात: नागरिकता, बिबाहदर्ता/बसाईसराई दर्ता प्रमाण पत्र)
    - एकभन्दा बढी स्थानमा रहेको नाम एक स्थानमा मात्र कायम गर्न।
    - मतदाता नामावलीमा भएका त्रुटि सच्याउन।
- **स्थानीय पञ्जिकाधिकारीहरूले** आफ्नो वडामा भएका विवाह, बसाइँसराइ तथा मृत्यु भएका मतदाताको विवरण **मिति २०८३/०५/१५ गतेभित्र** जिल्ला निर्वाचन कार्यालयमा पठाइदिनु हुन अनुरोध छ।
- थप जानकारीका लागि:
    - निर्वाचन आयोगको वेबसाइट: **www.election.gov.np**
    - जिल्ला निर्वाचन कार्यालय, जुम्लाको वेबसाइट तथा Facebook Page
    - फोन: ०८७-५२०१९५
    - सूचना अधिकारी: ९८४८३०५४५८

२०८३/०४/२१
...........................
(दिपेन्द्र कंडेल)
जिल्ला निर्वाचन अधिकारी